**नीति:** Akron Children's Hospital (Children's) र यसका सम्बद्धहरू हामीले सेवा उपलब्ध गराउने बिरामीहरूलाई गुणस्तरीय चिकित्सा स्याहार उपलब्ध गराउनका लागि समर्पित छन्।

यो आर्थिक सहायता नीति अबीमाकृत, बीमा पूरा नभएका र बीमाकृत बिरामी वा परिवारहरूलाई लागू हुन्छ र यसले यस नीतिमा सीमांकित गरिए अनुसार निश्चित आर्थिक मानदण्ड पूरा गर्दछ। यस नीतिको उद्देश्य भनेको बिरामी आर्थिक सेवाहरूले Children's मा निः शुल्क वा छुट गरिएको स्याहारका लागि योग्य हुनुहुने परिवार र बिरामीहरू पहिचान गर्न सक्ने प्रक्रिया व्याख्या गर्ने हो। यस नीतिले अस्पतालको स्याहार आश्वासन कार्यक्रम (HCAP/निःशुल्क स्याहार) र Children's परोपकार स्याहार कार्यक्रम व्याख्या गर्नेछ र योग्यता मानदण्ड निर्धारित गरेर कार्यक्रमहरू व्यवस्थित गर्नका लागि रूपरेखा उपलब्ध गराउनेछ।

Children's ले आपतकालीन चिकित्सा उपचार तथा श्रम ऐन (EMTALA) र आर्थिक परिस्थितिहरू वा यस आर्थिक सहायता नीति अन्तर्गत उहाँहरूको योग्यता बाहेक आपतकालीन चिकित्सा उपचारको प्रावधानसँग सम्बन्धित संयुक्त आयोगका आवश्यकताहरूकोअनुपालन गर्दछ। साथै, Children's ले आपतकालीन चिकित्सा उपचार खोजिरहनुभएका व्यक्तिहरू र उपचार गर्नुअघि भुक्तानी वा आपतकालीन चिकित्सा स्याहारको प्रावधानलाई विरोध गर्ने ऋण सङ्कलन गर्ने क्रियाकलापहरूमा अनुमति दिएर चिकित्सकीय रूपमा आवश्यक स्याहारलाई निरुत्साहित गराउनेछैन।

**परिभाषाहरू:**

***सम्बद्धहरू:*** चिकित्सकीय रूपमा आवश्यक स्याहार उपलब्ध गराउने Children's Hospital Medical Center of Akron द्वारा स्वामित्व प्राप्त गरेका सम्बद्ध कम्पनीहरू। Children's Home Care Group (CHCG) एउटा पूर्ण स्वामित्व भएको सहायक कम्पनी हो र यसले यस नीति अनुसार आर्थिक सहायता प्रस्ताव गर्दछ।

***सामान्यतया बिल बनाइने रकमहरू (AGB):*** AGB भनेको Children's व्यावसायिक र मेडिकेयर बिरामीहरूलाई दिइने औसत छुटको दर हो। AGB यो जनसङ्ख्यालाई दिइएको अघिल्लो वर्षको छुटमा लुक-ब्याक विधि प्रयोग गरेर गणना गरिन्छ। बीमा गरिएका बिरामीहरूको सामान्य रूपमा बिलमा लेखिएको रकम भन्दा स्व-भुक्तान गर्ने बिरामीहरूलाई आपतकालीन वा अन्य चिकित्सकीय रूपमा आवश्यक स्याहारका लागि थप शुल्क लगाइनेछैन।

***परिवार संख्या:*** HCAP/निःशुल्क स्याहारका लागि, परिवार संख्यामा बिरामी, बिरामीको जीवनसाथी (उहाँहरू घरमा बस्नुहुन्छ वा हुँदैन भन्ने कुरालाई ध्यान नदिई) र घरमा बस्ने 18 वर्षभन्दा मुनिका बिरामीका जैविक वा अंगीकृत सबै बच्चाहरू समावेश हुन्छन्। यदि बिरामी 18 वर्षभन्दा मुनिको हुनुहुन्छ भने, "परिवार" मा बिरामी, बिरामीको जैविक वा अंगीकृत आमाबुवा(हरू) (उहाँहरू घरमा बस्नुहुन्छ वा हुँदैन भन्ने कुरालाई ध्यान नदिई) र आमाबुबा(हरू)का घरमा बस्ने 18 वर्षभन्दा मुनिका जैविक वा अंगीकृत सबै बच्चाहरू समावेश हुन्छन्। यदि बिरामी अवयस्क आमाबुवाको बच्चा हुनुहुन्छ जसमा अवयस्क आमाबुवा अझैपनि बिरामीको हजुरबुवा/हजुरआमाको घरमा बस्नुहुन्छ भने, "परिवार" मा आमाबुवा(हरू) र घरमा बस्ने आमाबुवाहरूको कुनै पनि जैविक वा अंगीकृत बालबालिका मात्र समावेश हुन्छन्। बसोबास व्यवस्थाहरू बाहेक, 18 वा सोभन्दा बढी उमेरका कुनै पनि बिरामीलाई उहाँको आफ्नै परिवारको आधार मानिन्छ र उहाँको जैविक वा अंगीकृत बच्चा सहित उचित भएमा, उहाँको जीवनसाथी समावेश हुनुहुनेछ।

Children's परोपकार स्याहारका उद्देश्यहरूका लागि, परिवार संख्यामा बिरामीको घरमा बस्ने बालबालिका, आमाबुवा, सौतेनी-आमाबुवा र (सौतेनी) दाजु-भाई/दिदी-बहिनीहरू समावेश हुनुहुनेछ।

***आर्थिक सहायता समितिः*** यस नीतिका कुनै पनि अपवादहरूका लागि आर्थिक सहायता समीक्षा र स्वीकार गर्न जिम्मेवार रहेको समिति। समिति प्रमुख आर्थिक अधिकारी र प्रमुख चिकित्सा अधिकारीद्वारा अध्यक्षता गरिएको हो।

***उत्तरदायी::*** सेवाहरूसँग सम्बन्धित कुनै पनि व्यक्तिगत बाँकी रकमका लागि आर्थिक रूपमा उत्तरदायी हुनुहुने व्यक्ति(हरू)।

***आम्दानी:*** करहरू भुक्तानी गर्नु अघिको कुल तलब, ज्याला र नगद रसीदहरू समावेश हुन्छन्। व्यावसायिक खर्चहरूका लागि उपयुक्त कटौतीहरू प्रतिबिम्ब गर्ने रसिदहरू दुवै कृषि र गैर-कृषि स्व-रोजगारका लागि गणना गरिनेछ। व्यावसायिक खर्चहरूमा पेरोल खर्च (स्व-रोजगार व्यक्ति बाहेक व्यक्तिहरूलाई भुक्तानी गरिने पेरोल), पेरोल कर, तलबभत्ता बाहेक अरू लाभ, कार्यालय आपूर्ति, बेचिएका वस्तुहरूको लागत र खरिद गरिएका सेवाहरू समावेश हुन्छन्। कुनै पनि व्यक्तिगत जीवनयापन खर्चलाई व्यावसायिक खर्चहरूको रूपमा समावेश गरिँदैन।

बिरामी बाल सहायता भुक्तानीको अभिप्रेत प्राप्तकर्ता हुँदा मात्र परिवारको लागि बाल सहायतालाई आम्दानीको रूपमा गणना गर्न सकिन्छ। आम्दानी निम्नद्वारा गणना गरिनेछः

- अस्पतालका सेवाहरू उपलब्ध गराइएको मिति भन्दा अघिल्लो 3 महिनाको लागि उचित भएमा बिरामी वा परिवारको आम्दानीलाई चारले गुणन गरेर ***वा***
- अस्पतालका सेवाहरू उपलब्ध गराइएको मिति भन्दा अघिल्लो 12 महिनाका लागि उचित भएमा बिरामी वा परिवारको आम्दानीलाई प्रयोग गरेर।

***स्वयम् भुक्तानी:*** कुनै तेस्रो-पक्षीय कभरेज नभएका बिरामी/उत्तरदायीहरू, जस्तै अबीमाकृत व्यक्ति।

**बिरामीको जिम्मेवारी, बिलिङ चक्र, बिरामीको विवरण, सङ्कलन गर्नका लागि उपयुक्त प्रयत्नहरू र असामान्य सङ्कलन कार्यहरू (ECAs):**

Children's ले उपलब्ध भएका सबै तेस्रो-पक्षीय भुक्तानीकर्ताहरूबाट प्रतिपुर्ति अनुकरण गर्नेछ। तेस्रो-पक्षीय भुक्तानीहरू प्राप्त भइसकेपछि, बिरामीको जिम्मेवारी (सह-भुक्तानीहरू, सह-बीमा र/वा कटौतीहरू) उत्तरदायीलाई बिल बनाइनेछ।

सामान्यतया, शुल्कहरूको प्रारम्भिक विवरण पूर्ण भुक्तानी अनुरोध गर्दै, डिस्चार्जपछि 5 दिन भित्रमा वा सबै तेस्रो-पक्षीय भुक्तानीहरू प्राप्त गरिसकेपछि स्वयम्-भुक्तानी उत्तरदायीलाई समक्ष जारी गरिनेछ। उत्तरदायीसँग शुल्कहरू बारे छलफल गर्ने, आर्थिक सहायता अनुरोध गर्ने र/वा पूर्ण भुक्तानी गर्ने क्षमता हुनेछ। विवरणहरू 28-दिनको चक्रमा पठाइनेछ र उत्तरदायीले चारवटा विवरण प्राप्त गर्नुहुनेछ। पठाइएको चौथो र अन्तिम विवरणमा स्पष्ट भाषाको सारांशको प्रतिलिपि र उत्तरदायीले आर्थिक सहायता प्राप्त गर्न सक्नुहुने स्थान समावेश हुनेछ।

यदि भुक्तानी व्यवस्थाहरू गरिएको छैन र बिरामी आर्थिक सेवाहरूमा भएको व्यवस्थापनको स्वीकृतिमा आर्थिक सहायता वा भुक्तानी योजना सुरक्षित राख्नाले कुनै सफलता नभएमा, Children's ले तिर्न बाँकी रकम अनुकरण गर्नका लागि तेस्रो-पक्षीय सङ्कलन एजेन्सीलाई खाता पठाउन सक्छ। Children's ले तीव्र सङ्कलन प्रयासहरूलाई रोक्नको लागि महत्त्वपूर्ण प्रयत्नहरू गर्दा, सङ्कलन निकायमा स्थान नियोजनले निम्न ECA हरू निम्त्याउन सक्छ:

- भुक्तानी नगरिएको ऋणको रूपमा क्रेडिट रिपोर्टिङ
- कानूनी निर्णय
- ज्यालाका ऋण सम्झौताहरू
- बैंक खाताका ऋण सम्झौताहरू
- व्यक्तिगत सम्पत्ति विरूद्धमा रहेको हक

*कुनै पनि ECA सञ्चालन गर्नुअघि:*

1. Children's का एजेन्टहरूले पहिलो डिस्चार्ज पछिको विवरण पछि कम्तीमा 120 दिन प्रतीक्षा गर्नेछन् र
2. उत्तरदायीलाई Children's आर्थिक सहायता नीति, आर्थिक सहायता आवेदन पूरा गर्नमा उत्तरदायीले कसरी सहायता प्राप्त गर्न सक्ने र ECA हरू सुरु गर्ने प्रति Children's को अभिप्राय बारे सूचित गर्नको लागि Children's र यसका एजेन्टहरूले दुवै मौखिक रूपमा र लिखित रूपमा उचित प्रयास गर्नेछन् र

3. बिरामी आर्थिक सेवा व्यवस्थापनले आर्थिक सहायताको योग्यता पूरा गरेको भनी निर्धारण गर्नका लागि सबै उचित प्रयासहरू निर्धारण गर्नुपर्छ।

**आर्थिक सहायता:**

Children's परिवारहरूका आवश्यकता र जीवनमा उहाँहरूले सामना गर्न सक्ने आर्थिक सम्बन्धी धेरै मानसिक दबावहरू प्रति संवेदनशील छ। परिवारहरूलाई चिकित्सा बिलिङ र भुक्तानी प्रक्रिया नेभिगेट गर्नमा मद्दत गर्नको लागि हाम्रा आर्थिक परामर्शदाताहरू उपलब्ध छन्।

आर्थिक सहायताको योग्यतामा तेस्रो-पक्षका सबै लाभहरू समाप्त भएको वा बिरामी तेस्रो-पक्षका लाभहरूको लागि अयोग्य रहेको हुनुपर्छ। बिरामीको व्यक्तिगत बाँकी रकमको आधारमा मात्र आर्थिक सहायता प्रस्ताव गरिनेछ।

आर्थिक सहायतामा यी सबै सेवाहरू वा यिनीहरूको एउटा भागको भुक्तानी गर्न असक्षम ठहर गरिएका बिरामी र तिनीहरूका परिवारहरूलाई Children's द्वारा प्रस्तुत गरिएका नि:शुल्क वा छुट सेवाहरू समावेश हुन्छन्। Children's तथा यसका नियुक्त गरिएका चिकित्सक र Children's का स्थानहरू मध्ये कुनैमा नियुक्त गरिएका अन्य पेशेवर प्रदायकहरूद्वारा प्रस्तुत गरिएका चिकित्सकीय रूपमा आवश्यक रहेका सबै आकस्मिक र आधारभूत सेवाहरूका लागि आर्थिक सहायता उपलब्ध छ। Children's का स्थानहरूमा बिरामीहरूलाई हेर्न अनुमति दिइएका तर Akron Children's द्वारा नियुक्त नगरिएका अन्य व्यक्तिहरूद्वारा उपलब्ध गराइएका सेवाहरू आर्थिक सहायतादेखि बाहिरका सेवाहरू हुन्। ती प्रदायकहरूको तालिका संलग्न गरिन्छ र यसलाई अनुरोधमा उपलब्ध गराइनेछ। (कृपया बाहिरी प्रदायकहरूको संलग्नक हेर्नुहोस्)। बाहिरी प्रदायकहरूको सुचीलाई ACH को बाह्य वेबसाइटमा पनि फेला पार्न सकिनेछ (URL इन्सर्ट गर्नुहोस्)

*स्वयम् भुक्तानी गर्ने बिमारीहरू*

अबीमाकृत बिरामीहरूलाई आकस्मिक वा अन्य चिकित्सकीय रूपमा आवश्यक स्याहारको लागि बीमा भएका बिरामीहरूलाई सामान्यतया बिल गरिने रकमभन्दा बढी लगाइनेछैन। सबै स्वयम् भुक्तानी गर्ने बाँकी रकमलाई AGB मा समायोजन गरिनेछ।

*अस्पताल स्याहार आश्वासन कार्यक्रम (HCAP)/नि:शुल्क स्याहार*

ओहायो मेडिकेड कार्यक्रममा सहभागी हुने अनुचित हिस्सा भएको अस्पतालको रूपमा, Children's ले HCAP वा नि:शुल्क स्याहार कार्यक्रमको रूपमा पनि चिनिने अस्पताल स्याहार आश्वासन कार्यक्रमबाट कोषहरू प्राप्त गर्छ। यी कोषहरूको प्राप्तकर्ताको रूपमा, Children's ले योग्य भएका व्यक्तिहरूलाई शुल्क बिना आधारभूत, चिकित्सकीय रूपमा आवश्यक, अस्पताल स्तरका सेवाहरू उपलब्ध गराउनुपर्छ। HCAP को लागि योग्य हुनको लागि बिरामी/परिवारले निम्न आवश्यकताहरू पूरा गर्नुपर्छ:

- ओहायोको निवासी हुनुपर्छ;
- संघीय गरिबी स्तरका मार्गनिर्देशनहरूका अनुसार वा सोभन्दा कम कुल आय हुनुपर्छ; र
- मेडिकेड प्राप्तकर्ता हुनुहुँदैन

HCAP को लागि योग्य ठहर हुनको लागि बिरामी वा उहाँको कानूनी प्रतिनिधिले अन्य विषयहरू सहित कुल आय र परिवारको संख्या लेखिएको आर्थिक सहायता आवेदन पूरा गर्नुपर्छ। Children's ले आफ्ना प्रचलित प्रक्रियाहरूका अनुसार बिरामी र तेस्रो-पक्ष भुक्तानीकर्ताहरूका लागि अस्पताल सेवाहरूमा दाबी पेश गर्नेछ। यदि बिरामीलाई HCAP को लागि योग्य ठहर गरिन्छ भने, Children's ले HCAP मा समेटिएका सेवाहरूका लागि बिरामी वा परिवारद्वारा भुक्तानी गरिएको कुनै पनि रकम फिर्ता गर्नेछ।

HCAP ले प्रत्यारोपण सेवा, चिकित्सक शुल्क, एम्बुलेन्स र टेलिफोन, पार्किङ, टेलिभिजन तथा व्यक्तिगत वस्तुहरू जस्ता बिरामीका सुविधाजनक वस्तुहरूलाई समेट्दैन। HCAP मा योग्य भएको व्यक्तिको लागि, Children's ले Children's द्वारा बिल बनाइएको कुनै पनि अन्य सेवाका लागि Children's को 100% परोपकार स्याहार समायोजन उपलब्ध गराउनेछ। प्रस्तुत गरिएका सेवाहरूका लागि दोस्रो बिलिङ विवरणको मितिपछि बिरामीले तीन वर्षसम्म HCAP को लागि आवेदन दिन सक्नुहुन्छ।

*CHILDREN'S परोपकार स्याहार कार्यक्रम*

Akron Children's परोपकार स्याहार कार्यक्रमले HCAP को लागि योग्य नभएका तर संघीय गरिबी स्तरको 101% र 300% बीच कुल आय भएका परिवारहरूका लागि सहायता प्रस्ताव गर्छ। Children's परोपकार स्याहार कार्यक्रमको लागि योग्य हुन, आवेदक:

- हाल मेडिकेडमा वा यसको लागि योग्य हुनुहुँदैन; र
- हाल HCAP को लागि योग्य हुनुहुँदैन

आर्थिक सहायता अनुरोध गर्ने ओहायोका निवासीहरूले मेडिकेड र HCAP को लागि पहिले आवेदन दिनुपर्छ। Children's परोपकार स्याहार कार्यक्रमको लागि योग्य भएका व्यक्तिहरूले आय र परिवारको संख्याको आधारमा बिल बनाइएका शुल्कहरूमा निम्न छुट प्राप्त गर्नेछन्:

| ओहायोका निवासीहरू | | राज्य बाहिरका निवासीहरू | |
|---|---|---|---|
| **संघीय गरिबी स्तरको % रहेको परिवारको आय** | **छुट** | **संघीय गरिबी स्तरको % रहेको परिवारको आय** | **छुट** |
| 100% देखि 200% FPL | बिल बनाइएको शुल्कमा 100% छुट | 100% देखि 200% FPL | बिल बनाइएको शुल्कमा 100% छुट |
| 201% देखि 225% FPL | AGB मा 80% छुट | 201% देखि 225% FPL | AGB मा 70% छुट |
| 226% देखि 250% FPL | AGB मा 60% छुट | 226% देखि 250% FPL | AGB मा 50% छुट |
| 251% देखि 275% FPL | AGB मा 40% छुट | 251% देखि 275% FPL | AGB मा 30% छुट |
| 276% देखि 300% FPL | AGB मा 20% छुट | 276% देखि 300% FPL | AGB मा 10% छुट |

FPL मा 301% र 500% बीचको पारिवारिक आम्दानी भएको र घरायसी आम्दानीको 30% भन्दा बढी बिल भएको व्यक्तिलाई यस नीतिका प्रयोजनहरूका लागि चिकित्सकीय रूपमा गरीब मानिनेछ र सो व्यक्ति आर्थिक सहायताको स्वचालित अपीलको लागि योग्य ठहरिनेछ र सो व्यक्तिलाई बिल बनाइएको शुल्कहरूमा ठूलो छुट दिइनेछ। यो अपील आर्थिक सहायता समितिद्वारा समीक्षा गरिनेछ र कुनै पनि छुट निर्धारित गरिनेछ।

**आर्थिक परामर्श**

आर्थिक परामर्श सेवाहरू परिवारहरूलाई उहाँहरूको स्वास्थ्य सेवाका आवश्यकताहरू पूरा गर्नको लागि व्यावसायिक बीमा, मेडिकेड, HCAP, BCMH र अन्य वर्ग सहितका तेस्रो-पक्ष कभरेज र अनुमति सहितका स्थानीय कार्यक्रम र अन्य सहायता कार्यक्रमहरू प्राप्त गर्नमा सहायता गर्न भनी उपलब्ध गराइन्छ। कुनै कभरेज उपलब्ध नभएमा र/वा भुक्तान गर्ने क्षमताभन्दा बढी व्यक्तिगत बाँकी रकमहरूको भुक्तान बाँकी भएमा, आर्थिक परामर्श कर्मचारीले बालबालिकाको आर्थिक सहायताको लागि क्षमता अनुसरण गर्नमा सहायता गर्नुहुनेछ। आर्थिक परामर्शले व्यक्तिहरूलाई 330-543-2455 मा फोन गरेर फोन मार्फत वा FinCounsel@akronchildrens.org मा हाम्रो आर्थिक परामर्शदाताहरूलाई इमेल गरेर सहायताको लागि आवेदन दिनमा मद्दत गर्नेछ। यसका साथै, परिवार र बिरामीहरू One Perkins Square, Akron, OH 44308 मा रहेको प्रमुख अस्पतालको तेस्रो तल्लामा रहेको भर्ना गर्ने कार्यलयमा जान र आर्थिक परामर्शदातासँग कुरा गर्न सक्नुहुन्छ।

**आर्थिक सहायताको लागि आवेदन दिने**

व्यक्तिहरूले बिलिङ र सङ्कलन चक्रको कुनै पनि बिन्दुबाट आर्थिक सहायताको लागि आवेदन दिन सक्नुहुन्छ। पूर्व-भर्ना प्रक्रियाको भागको रूपमा सम्भाव्य प्रारम्भिक मूल्याङ्कन सञ्चालित हुँदा र सम्भावित योग्य परिवारहरूलाई सम्भावित तेस्रो-पक्ष कभरेज अवसरहरू पहिचान गर्न सहायताको लागि आर्थिक परामर्शदाताकहाँ जान सिफारिस गर्दा। भर्नापछि र बिलिङ र सङ्कलन प्रक्रियाको अवधिभर, आर्थिक परामर्शदाता, बिरामी आर्थिक सेवाको प्रतिनिधि र अधिकृत बिक्रेताहरूले आर्थिक सहायताको लागि योग्य हुन सक्ने परिवारहरूलाई पहिचान गर्न र आवेदन प्रक्रियामा सहायताको प्रस्ताव राख्न यस्ता सबै परिवारहरूलाई सम्पर्क गर्नको लागि खाता र आर्थिक जानकारीको जाँच गर्न सक्नुहुन्छ।

आवेदकहरूले नागरिकता, निवासस्थान र आम्दानीसँग सम्बन्धित जानकारी सहित योग्यता निर्धारण सम्बन्धी जानकारी प्रमाणित गर्नको लागि कागजात उपलब्ध गराउनुपर्नेछ। आयको स्वीकारयोग्य कागजात निर्माण गर्ने र/वा सम्पत्ति प्रमाणित गर्न आवश्यक हुँदा आवश्यक पर्ने कागजातहरू निम्न हुन्:

- भुक्तान विवरणहरू
- बैंक विवरणहरू
- संघीय आम्दानी कर फिर्ता वा W-2 फारामहरू
- रोजगारदाताबाट प्राप्त भएको पत्र
- माथिका वस्तुहरूको अनुपस्थितिमा, बिरामीको वा कानूनी प्रतिनिधिद्वारा बनाइएको मौखिक वा लिखित आम्दानी विवरण स्वीकार गर्न सकिन्छ। मौखिक विवरणहरू देखेको/सुनेको र आर्थिक परामर्शदाता वा योग्य प्रतिनिधिद्वारा कागजातीकरण गरिएको हुनुपर्नेछ।

बिरामी समान अन्तर्निहित अवस्थाको लागि डिस्चार्जको 45 दिनभित्रमा भर्ना नहुँदासम्म अस्पताल भित्र रहेका प्रत्येक बिरामीको लागि एउटा छुट्टै आर्थिक सहायता आवेदन दायर गरेको हुनुपर्छ। अस्पताल बाहिर रहेका बिरामी आर्थिक सहायताको आवेदनहरू सेवाको पहिलो मितिबाट 90 दिनसम्म प्रभावकारी हुन्छन्।

### अपूर्ण वा छुटेका आवेदनहरू

आर्थिक सहायता आवेदन अपूर्ण भएमा, आर्थिक परामर्शदाताले आवेदकलाई सूचित गर्नुहुनेछ र आवेदन पूरा गर्न र पुन: पेश गर्नको लागि सहायता दिनुहुनेछ। अपूर्ण आवेदनको रसीदपछि, Children's ले बिरामीको परिवारले पूर्ण आवेदन पेश गर्ने र आवश्यक भएका जानकारी उपलब्ध गराउने समयसम्म प्रतीक्षा गर्दा लागूयोग्य भएमा, कुनै पनि अतिरिक्त सङ्कलन कार्य निलम्बित गर्नेछ। 30 दिनभित्रमा कुनै प्रतिक्रिया नआएमा, ECAs पुन: आरम्भ हुनेछ। Children's ले आर्थिक सहायता आवेदनमा अनुरोध नगरिएको व्यक्तिको जानकारीको अनुपस्थितिको लागि यस नीति अन्तर्गत आर्थिक सहायता अस्वीकार नगर्न सक्छ।

### सूचना

आर्थिक सहायताको लागि आवेदनहरू प्राप्त गरिएको आधारको रूपमा प्रक्रिया गरिनेछ। आवेदकहरूलाई HCAP वा Children's परोपकार स्याहार कार्यक्रमको लागि योग्यता निर्धारण सम्बन्धी र लागूयोग्य भएमा भुक्तान गर्न अपेक्षित गरिएको छुट गरिएका रकम सम्बन्धी सूचित गरिनेछ। कुनै पनि स्व-भुक्तान भुक्तानीको वित्त व्यवस्था गरिनेछ वा आवेदक आर्थिक सहायताको लागि स्वीकृत भएमा अन्य तिर्न बाँकी रकममा स्थानान्तरण गरिनेछ (उपयुक्त भएमा)।

आर्थिक सहायताको लागि योग्य नभएका आवेदकहरूलाई स्वयम् भुक्तान प्रोम्प्ट भुक्तानी छुट वा भुक्तान योजनाको स्थापना समावेश हुन सक्ने अन्य सहायता विकल्पहरू बारे सुझावित गरिनेछ।

### परिस्थितिहरूलाई शान्त पार्ने विचार

यदि माथिको मानदण्ड पूरा हुँदैन भने, बिरामी/परिवार तैपनि फरक-फरक आधारमा आर्थिक सहायताको लागि योग्य हुन सक्नुहुन्छ। परिवार एकल रूपमा आम्दानी वा निवासीको आधारमा Children's परोपकार स्याहार कार्यक्रमको लागि योग्य नहुँदा तर भुक्तानीको अनुसरणले बिरामी वा उहाँको परिवारको कल्याणलाई प्रतिकूल रूपमा प्रभाव पार्ने वा बिरामी र/वा परिवारको लागि अनुचित कठिनाइ (उदाहरण, रोजगार गुम्ने, आदि) निम्याउने हुँदा त्यहाँ शान्त पार्न सकिने परिस्थितिहरू हुन सक्छन्। शान्त पार्न सकिने परिस्थितिहरू भएका बिरामीहरूको लागि आवेदनहरू विचार-विमर्शको लागि सिधै आर्थिक सहायता समितिलाई प्रस्तुत

गरिनेछ। समितिले खाताको बाँकी रकमसँग आम्दानी, उपलब्ध सम्पत्ति र उत्तरदायित्व, प्रस्तावित चिकित्सा खर्च, जीवनयापन खर्च र सम्भावित आम्दानीहरूको सम्बन्ध सहित तर यसमा मात्र सीमित नरहेका कारकहरूको विचार-विमर्श गर्नेछ। स्व-भुक्तान भुक्तानीहरू गरिएमा, परिस्थितिहरूलाई शान्त पार्ने परिणाम स्वरुप परोपकार स्याहार निर्धारण हुँदा कुनै पनि वित्त व्यवस्था वा स्थानान्तरणको प्रक्रिया गरिनेछैन।

परिस्थितिहरूलाई शान्त पार्ने सहायतामा गरिने विचारको लागि अपीलहरू अनलाइनमा वा आर्थिक परामर्शदाताहरू मार्फत पेश गर्न सकिन्छ। कृपया अपील पेशको लागि (URL इन्सर्ट गर्नुहोस्) हेर्नुहोस्।

**यस नीतिको जिम्मेवारी**

यस आर्थिक सहायता नीतिमा गरिएका कुनै पनि सुधार/परिवर्तन Akron Children's Hospital को निर्देशक परिषद्को आर्थिक व्यवस्था समितिद्वारा स्वीकार गरिएको हुनुपर्नेछ।

**संलग्नकहरू:**

बाहिरी प्रदायकहरूको सूची

HCAP र परोपकारका अस्थिर शुल्क अनुसूची

HCAP र परोपकार स्याहारका उदाहरणहरू